# सुख्खा डाँडामा लहलह तरकारी, किसानहरु दंग

**-शिव कुमार काशी, रासस**



हाँडीखोला गाविस वडा नं ८ माथिल्लो रुन्चेडाँडाका बासिन्दाले सोचेका थिएनन् कि सुख्खा डाँडामा मकै र कोदोबाहेक अरु पनि खेती हुन्छ र त्यसले आम्दानी दिन्छ भनेर । तर कालान्तरमा उनीहरुले नसोचेको कुरा पुरा भयो । गाउँमा खानेपानी र सिञ्चाइको व्यवस्थापन भएपछि अहिले गाउँमा मकै र कोदोको बिकल्पमा बेमौसमी गोलभैँडा, काउली, काँक्रो लगायतका तरकारीहरु उब्जिरहेका छन् ।

मनहरी विकास संस्थाको सहजीकरण तथा प्राविधिक व्यवस्थापनमा गरिवी निवारण कोषको आर्थिक सहयोगमा माथिल्लो रुन्चेडाँडामा खानेपानी र सिञ्चाइ योजना सम्पन्न भएको हो । यहाँ गठित डोल्मो सामुदायिक संस्थाको पहलमा खानेपानी र सिञ्चाइको व्यवस्था मात्र भएको छैन । तरकारी खेती गरेर मनग्यै आम्दानी हुन थालेपछि अहिले स्थानीयबासिन्दाहरु खुसी छन् । र, भन्छन्-'अन्नबाहेक अरु खेती गरेर पनि खान त पुग्दो रहेछ ।'

तरकारी बेचेर आम्दानी लिनेमध्ये डोल्मो सामुदायिक संस्थाकी सचिव सुनिता थिङ अग्रस्थानमा आएकी छन् । उनले यसवर्ष बेमौसमी तरकारी खेती गरेर ८० हजार रुपियाँ कमाएको बताइन् । ५ कट्ठा बारीमा धाराबाट खेर गएको पानी लगाएर उनले तरकारी रोपेकी थिइन् । यसवर्ष रोपेको गोलभैँडाबाट मात्रै उनले ८० हजार रुपियाँ कमाएकी हुन् । कम्तीमा २५ रुपियाँ प्रतिकिलोका दरले भाउ पाएपछि उनी बेमौसमी तरकारी खेतीमै लाग्ने बताउँछिन् ।

गरिवी निवारण कोषको सहयोगमा डोल्मो सामुदायिक संस्थाले व्यवस्थापन गरेको घुम्तीकोषबाट रकम लिएर तरकारी खेती उनले यो वर्ष अरुले भन्दा बढी रकम आर्जन गरेकी हुन् । यसवर्ष तरकारी बेचेर आएको रकममा अन्य रकम थपथाप गरेर घर बनाउने योजना बनाएकी उनी आगामी दिनमा घुम्तीकोषबाट ऋण लिएर थप तरकारी खेती गर्ने मनस्थितिमा छिन् । उनी भन्छिन्-'यसपाली अलि धेरै जग्गामा तरकारी खेती गर्ने सोच बनाएकी छु ।'



घुम्तीकोष परिचालन गरी यसवर्ष माथिल्लो रुन्चेडाँडाका २९ घर परिवार सदस्यमध्ये १२ घर परिवारले तरकारी खेती व्यवसायिक रुपमा गरेका छन् । व्यवसायिक तरकारी खेती गर्नका लागि गरिवी निबारण कोषको सहयोगमा १४ वटा अफटेक(सिंचाइको लागि धारा) निर्माण गरिएको छ । त्यसैगरी खानेपानी सुविधाका लागि ३ वटा खानेपानी धारा निर्माण गरिएको छ ।

सुनिता थिङले यसवर्ष बेमौसमी तरकारीबाट आम्दानी लिएको देखेपछि सामुदायिक संस्थाका अन्य सदस्यहरु पनि तरकारी खेतीप्रति लालायित खेखिएका छन् । कान्छाराम थोकरले यसपटक थोरै बारीमा रोपेको तरकारीले पनि १० हजार रुपियाँ कमाए । उनी यसवर्ष अलि धेरै जग्गामा तरकारी खेती गर्ने मनस्थितिमा छन् । 'मकै रोपेको भए २ देखि ५ सय रुपियाँ बराबरको मकै फल्थ्यो होला',-'थोकरले भने-'तरकारीबाट १० हजार लिन सफल भएँ ।' घुम्तीकोषको रकमले सदस्यहरुले तरकारी खेतीलाई मलजल गर्नका लागि पम्प, मल, बीउ तथा बिषादी किन्नका लागि प्रयोग गरेका छन् । सिंचाई सुविधालाई अझ बढाउन यसवर्ष सामुदायिक संस्थाको पहलमा हाँडीखोला गाउँ विकास समितिले उपलब्ध गराएको २५ हजार रुपियाँको सहयोगमा खानेपानी धाराबाट बढी भएको पानी संकलन गर्न ट्याँङ्की निर्माण गरिएको छ । उनीहरुले तरकारीबाट आम्दानी लिएर घुम्तीकोषको रकम चुक्ता समेत गरिसकेको संस्थाको भनाई छ ।

